# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**

(ADDC/N)

1994


Ref. No.:- Date :-

२०६७/२/६

## प्रेस विज्ञप्ती

२०६२ मंसिर ७ गते तत्कालिन सात राजनैतिक दल र विद्रोही नेकपा माओवादी विच भएको बाह्र बुँदे सम्झौताको परिणामस्वरुप नेपालमा निरंकुश राजतन्त्रको अन्त्यका लागि २०६२/६३ मा भएको दोश्रो जन आन्दोलनको सफलता पश्चात जनआन्दोलनमा नेपाली जनताको माग भए बमोजिम मुलुकमा स्थायी शान्तिका लागि संविधानसभाको निर्वाचन र सो सभा मार्फत नेपाली जनताको चाहना र प्रत्यक्ष सहभागितामा नयाँ संविधानको निर्माण र राज्यको पुनःसंरचना मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि राजनैतिक दलहरु विच भएको सहमति, सहकार्य, एकता र मेलमिलापको प्रयास वृहत शान्ति सम्झौता सम्पन्न र सोको भावना बमोजिम नेपालको अन्तरिम संविधान २०६३ निर्माणसम्म कायमै रहेको थियो ।

वृहत शान्ति सम्झौता र अन्तरिम संविधानको प्रावधान बमोजिम संविधानसभाको निर्वाचन सम्पन्न भई गणतन्त्र घोषणा भए पश्चात प्रमुख राजनैतिक दलहरु विच देखिएको असहमति र फाँटोले नेपालको ऐतिहासिक निर्वाचन पश्चात पहिलो पटक गठन भएको संविधानसभाको भविष्य विघटनको संघारमा पुगेको देखिन्छ । संविधानसभा मार्फत संविधानको निर्माण हुनुपर्दछ भन्ने नेपाली जनताको ६ दशक देखिको लामो चाहना र अधिकारका साथै विभिन्न समयमा लोकतन्त्रका लागि हुने आन्दोलनमा होमिने नेपाली जनता, शहिद तथा शहिद परिवारहरुको इच्छा आकांक्षा र अधिकार लाई वर्तमान राजनैतिक दलहरु विचको असमझदारीले कुण्ठित गरेको छ । नेपालको अन्तरिम संविधान २०६३ को भावना र संविधानसभाको जनादेश बमोजिम तोकिएको समय सिमा दुई वर्ष व्यतित हुन लाग्दा पनि अझै प्रमुख दलहरु विचको असमझदारीले नेपाली जनताले प्राप्त गर्न लागेको संघीय लोकतान्त्रि गणतन्त्र नेपालको भविष्य समेत अनिश्चित हुन पुगेको छ । बर्तमान अन्योलको निकासका लागि सहमति र सहकार्य मार्फत संविधानसभाको अवधि थप गरि यथाशिघ्र नयाँ संविधान निर्माण कार्यमा एकजुट भई अगाडि वढ्न संविधानसभामा प्रतिनिधित्व गर्ने सवै राजनैतिक दलहरु समक्ष जिविस महासंघ नेपाल आव्हान गर्दछ ।

निर्वाचित संरचना विना संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण गर्न नसकिने जिविस महासंघ नेपालको अवधारणा र दृढ विश्वास रहेकोले वर्तमान संविधानसभाको अवधिलाई अन्तरिम संविधानको प्रावधान बमोजिम थप गर्नुपर्ने कारण सहित त्यस प्रति नेपाली जनतासंग क्षमा याचना गर्दै नयाँ संविधान निर्माण प्रक्रियामा सहमति र सहकार्य मार्फत आगामी दिनहरुमा गरिनुपर्ने कार्यसूचीका विषयमा नेपाली जनतालाई जानकारी गराई यथाशिघ्र नयाँ संविधान निर्माण गरी राज्यको पुनसंरचना तथा शान्ति प्रक्रियालाई तार्किक निश्कर्षमा पुर्‍याउन सवैदलहरु विचको साझा प्रतिवद्धता सहित एक जुट हुन समेत जिविस महासंघ नेपाल हार्दिक अपिल गर्दछ ।

..................................

ऋषिराज लुम्साली

अध्यक्ष


**पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.व.नं. : १२०२२, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९**

Mailing Address:– Sanepa Mode, Lalitpur, Nepal, P.O. Box # 12022, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np